# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून समूह, राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

## खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/१/३१

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर छुट्टाछुटै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. नेपालमा रहे बसेको वा तेस्रो मुलुकमा जाने क्रममा नेपालभित्र पारवहन (Transit) मा रहेका कुनै मुलुकबाट फरार भएका अभियुक्त वा कसूरदारलाई कानून बमोजिम सपुर्दगीसम्बन्धी कारवाही गर्ने सम्बन्धमा सपुर्दगी ऐन, २०७० बमोजिम सपुर्दगी गर्न त्यस्तो मुलुकसँग सपुर्दगी सन्धि वा पारस्पारिक कानूनी सहायतासम्बन्धी सन्धि हुन आवश्यक हुने नहुने, सपुर्दगीका लागि के-कस्तो कसूरका फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने तथा के-कस्तो अवस्थामा कुनै फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न इन्कार गर्न सकिने र सपुर्दगी गर्नका लागि नेपालको अदालती प्रक्रिया पूरा गर्न आवश्यक हुने नहुने तर्फ विद्यमान कानूनी व्यवस्था र अभ्यासको विवेचना र विश्लेषण गर्नुहोस्। ५+५+५=१५

२. सम्पत्ति शुद्धीकरण विरुद्ध (AML) र आतंकवादी कृयाकलापमा वित्तीय लगानी रोकथाम (CFT) प्रणालीहरूमा रणनीतिक कमजोरीहरू भएको र घरजग्गा, सहकारी र अनौपचारिक मुद्रा स्थानान्तरण (हुन्डी) जस्ता जोखिमका क्षेत्रहरूमा कमजोर निगरानीका कारण विदेशी लगानीमा जोखिम बढेको भनी नेपाल २०८१ को फाल्गुण महिना देखि The Financial Action Task Force (FATF) को Grey List मा रहेको छ। परस्परको मूल्याङ्कन (Mutual Evaluation) बाट प्राविधिक रेटिङ्मा उत्तीर्ण भए तापनि प्रभावकारिताको रेटिङ्मा नाजुक स्थितिमा छ। Grey List बाट बाहिरिनका लागि विभिन्न प्रयासहरू भईरहेका पनि छन्। नीतिगत र कानूनी सुधारहरू भएतापनि परिणाममा खासै सुधार हुन सकेको छैन। ठूला आर्थिक अपराधहरूको नियन्त्रणमा प्रभावकारिता आएको छैन। क्यासिनो, सहकारी र घरजग्गाको क्षेत्रमा नियमनकारी, अनुसन्धानकारी र अभियोजनसँग सम्बन्धित निकायहरूले प्रभावकारीरूपमा कार्य गर्न नसक्दा जोखिम कायमै छ। Grey List बाट बाहिरिन नसकेमा महत्वपूर्ण आर्थिक लागत बढाउने, विदेशी लगानी गुम्ने, विदेशी कारोबार शुल्क उच्च हुने, व्यापार अवरोधहरू सिर्जना हुने, रेमिट्यान्स लगायत अन्तर्राष्ट्रिय मुद्रा स्थानान्तरण महँगो, सुस्त र जोखिमपूर्ण हुने र अन्ततः आर्थिक वृद्धिमा नै बाधा पुऱ्याउने अवस्था सिर्जना हुनसक्छ।

उल्लेखित पृष्ठभूमिमा देहायका प्रश्नहरूको सटिक र ठोस जवाफ दिनुहोस्:- ५+५+५+५=२०

(क) सम्पत्ति शुद्धीकरणको अवधारणात्मक पक्षमा प्रकाश पार्दै नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा भएका प्रयासहरूबारे संक्षेपमा उल्लेख गर्नुहोस्।

(ख) नेपाल The Financial Action Task Force (FATF) को Grey List मा पर्नुका कारणहरू सूक्ष्मरूपमा केलाउँदै कमजोरीका मुख्य क्षेत्रहरू पहिचान गर्नुहोस्।

(ग) नेपालले ग्रे लिष्टबाट बाहिरिनका लागि हालसम्म गरेका प्रयासहरू के-कस्ता रहेका छन् ? र तिनीहरूको कार्यान्वयन अवस्था कस्तो छ ? चित्रण गर्नुहोस्।

(घ) ग्रे लिष्टबाट बाहिरिनका लागि AMLCFT सम्बन्धी क्रियाकलापहरूमा प्रभावकारिता ल्याउन कुन-कुन निकायहरूमा तत्काल र दीर्घकालीनरूपमा के-कस्तो सुधारको हस्तक्षेप (Intervention) आवश्यक छ ? कार्यान्वयनयोग्य ठोस सुझावहरू प्रस्तुत गर्नुहोस्।

३. नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहमा रहने व्यवस्था गरेको छ। संविधानको अनुसूची ५ देखि ९ सम्म एकल अधिकार र साझा अधिकारको सूची रहेको छ भने धारा ५८ मा सङ्घमा अवशिष्ट अधिकार रहने व्यवस्था छ।

संविधानले गरेको व्यवस्था बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले आ-आफ्नो अधिकारको विषयमा कानून बनाउन स्वतन्त्र रहेको र सो बमोजिम कानून निर्माणसमेत भईरहेको छ। कतिपय एकल तथा साझा अधिकारको विषयमा सङ्घले कानून नबनाएको कारणबाट प्रदेश तथा स्थानीय तह आफ्नो अधिकार प्रयोग गर्नबाट बञ्चित भएको अवस्था छ, भने कतिपय विषयमा अन्योलता समेत रहेको छ। खासगरी निजामती, प्रहरी, खानी तथा खनिज, यातायातलाई उदाहरणको रूपमा लिन सकिन्छ। यस्ता कतिपय विषयमा प्रदेशले कानून बनाएको भएतापनि कार्यान्वयन हुन सकेको छैन। जस्तै निजामती सेवामा ६० वर्ष उमेर कायम गरी अवकाश गर्ने विषय। संविधानले नै प्रदेश

र स्थानीय तहले सङ्घको कानूनसँग नबाझिने गरी कानून बनाउनु पर्ने र बाझिने गरी कानून बनाएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरेको छ। (धारा ५७ (६) र (७))

उपरोक्त सन्दर्भमा कानून निर्माण सम्बन्धमा तहगत सरकारका कार्य जिम्मेवारीमा देखिएका समस्याको विश्लेषण गर्नुहोस् र ति समस्या समाधानका उपायहरूको बारेमा सुझावहरू प्रस्तुत गर्नुहोस्। १०+१०=२०

४. कानून निर्माण कार्य आफैमा जटिल कार्य हो। प्रजातान्त्रिक मुलुकमा जनताका प्रतिनिधिबाट कानून निर्माण गर्ने गरिन्छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कानून बनाउने काम विधायिकाको हो, तर कानून निर्माण प्रक्रियामा शासन प्रक्रिया र पद्धति अनुसार कार्यपालिका र न्यायपालिकाको पनि भूमिका हुन्छ। कार्यपालिकाले अध्यादेश र नियम बनाई लागू गर्छ भने न्यायपालिकाले नजिर निर्माण गर्छ, जुन कानून सरह लागू हुन्छ।

नेपाल जस्तो विकासोन्मुख मुलुकमा कानून निर्माण प्रक्रियाको प्रारम्भ हुनु पूर्वदेखि नै स्वदेशी तथा विदेशी स्वार्थ समूहले आफ्नो अनुकूल हुनेगरी कानून निर्माणमा लविङ्ग गर्ने, कतिपय अवस्थामा अप्रत्यक्ष हस्तक्षेप गर्ने त्यसमा पनि दाता मुलुक तथा वित्त संस्थाले आफ्नो अनुकूल कानून निर्माणका विभिन्न चरणमा प्रत्यक्ष लगानी नै गर्ने गरेको कुरा सार्वजनिक खरिद ऐन, स्थानीय स्वायत्त शासन ऐन, आयकर ऐन आदि कानूनहरू बनेको बेलामा सुनिन आएका थिए। हुन् त २०४७ सालको नेपाल अधिराज्यको संविधान तथा नेपालको संविधान निर्माणको समयमा पनि विदेशी लगानी भएको कुरा राजनीतिक वृत्तमा सुनिएको हो। यदि यस्ता कुराहरू सत्य हुन् भने नेपालमा नागरिकको हितको लागि लागू गर्ने कानून स्वदेशी वा विदेशी स्वार्थ समूहको अनुकूल हुने गरी निर्माण गर्दा त्यस्ता कानूनले नेपालको हित नगर्ने कुरा घाम जत्तिकै छर्लंग छ।

प्रस्तुत सन्दर्भमा कानून निर्माणका विभिन्न चरणको बारेमा चर्चा गर्दै विभिन्न स्वार्थ समूहको प्रभावबाट बन्ने वा बनेका कानूनबाट उत्पन्न हुने समस्याहरू पहिल्याई उक्त समस्याहरूबाट मुक्त भई कानून निर्माण गर्न के-कस्ता संवैधानिक, नीतिगत, कानूनी र संरचनागत परिवर्तन गर्नु आवश्यक देख्नु हुन्छ ? सुझाव पेस गर्नुहोस्। ५+५+१०=२०

५. नेपालको संविधानले प्रत्याभूत गरेको राज्यका नीतिहरूमा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख छ। सरकारका नीति तथा आवधिक योजनाहरूले पनि सुशासन कायम गर्ने र भ्रष्टाचार निवारण गर्ने विषयलाई उत्तिकै प्राथमिकता दिएका छन्। सुशासनमार्फत् सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिने सोह्रौं आवधिक योजनामा उल्लेख छ। राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नुलाई विद्यमान योजनाको उद्देश्यमा राखिएको छ तर त्यसको कार्यान्वयन एवम् प्रभावकारिताका पक्ष भने नगण्य छ र भएकोमा पनि सन्तोष लिने ठाउँ छैन। यस वर्ष भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको नारा "युवासँग एक भएर भ्रष्टाचार विरुद्ध लडौं: भोलिको इमान्दार समाज निर्माण गरौं" भन्ने रहेको छ। यस नाराले निष्पक्ष, पारदर्शी समाज निर्माणमा युवाहरूको महत्वपूर्ण भूमिकालाई खोजी गर्छ।

नेपालको सन्दर्भमा सदैव भन्दै आएको विषय भ्रष्टाचार निवारणमा सरकार असफल देखिएको छ, न्याय प्रणाली कमजोर रहेको छ, नीतिगत अस्पष्टता एवम् तिनको कार्यान्वयनमा देखिएका उल्झनले सुशासन कायम हुन नसकेका विषयहरूमा ट्रान्सपरेन्सी इन्टरनेसनल लगायतका संस्थाहरूले औंल्याउँदै आएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत दैनिक जसो भ्रष्टाचारका मुद्दाहरू विशेष अदालतमा दायर गरेको छ। सार्वजनिक जवाफदेहिता कमजोर बन्दै गएको तथा कानूनको कार्यान्वयन एवम् परिपालनाको प्रत्याभूति हुन नसकेको, भ्रष्टाचारको अनुसन्धान, अभियोजन र न्यायिक निरुपण प्रक्रिया क्रमशः कमजोर बन्दै गएको विषय पनि रहेको छ। अदालतमा दायर भएका मुद्दाहरूको सफलताको प्रतिशत भने ज्यादै न्यून रहेको छ। यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान पद्धति कमजोर भएको हो वा न्यायिक प्रणालीमा समस्या रहेको हो भन्ने प्रश्न पनि बारम्बार उठिरहनुले नेपालमा भ्रष्टाचार नियन्त्रण सशक्त हुन सकेको छैन भन्ने पुष्टि हुन्छ।

उल्लेखित पृष्टभूमिका आधारमा भ्रष्टाचारका विषयहरूमा नेपालको संविधानले प्रत्याभूति गरेका राज्यका नीतिहरूको सफल कार्यान्वयन हुन नसक्नुका कारणहरू पहिल्याउँदै यस सम्बन्धमा विभिन्न आवधिक योजनाले लिएका सोच र दृष्टिकोण अनुसार उपलब्धी हासिल हुन नसक्नुमा देखिएका समस्या र चुनौतीहरूको विश्लेषण गर्नुहोस्। साथै युवासँग एक भएर भ्रष्टाचार विरुद्ध लडौं: भोलीको इमान्दार समाज निर्माण गरौं भन्ने यस वर्षको नारालाई सफल तुल्याउन के-कस्ता कार्यान्वयनयुक्त नीति तथा कार्ययोजना तयार गर्न उपयुक्त हुन्छ सुझाव प्रस्तुत गर्नुहोस्। ७+८+१०=२५